दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक १६८ | बुटवल | २०८३ असार ०७ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday Jun 21, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# आजदेखि रास्वपाको पहिलो राष्ट्रिय महाधिवेशन




**लुम्बिनी संवाददाता**
*चितवन*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो राष्ट्रिय महाधिवेशन आजदेखी चितवनमा सुरु हुँदैछ । पार्टी स्थापना भएको चार वर्षपछि हुन लागेको यो महाधिवेशनलाई रास्वपाले आफ्नो संगठनात्मक इतिहासको महत्वपूर्ण मोडका रूपमा लिएको छ । रास्वपाको केन्द्रीय समिति बैठकले महाधिवेशन असार ७, ८ र ९ गते चितवनमा आयोजना गर्ने निर्णय गरेको थियो । महाधिवेशनमा देशभरबाट निर्वाचित प्रतिनिधिहरू, जनप्रतिनिधि तथा प्रवासबाट समेत प्रतिनिधित्व रहने व्यवस्था गरिएको छ।

महाधिवेशनबाट नयाँ नेतृत्व चयन, विधान संशोधन, संगठन विस्तार तथा आगामी राजनीतिक कार्यदिशाबारे महत्वपूर्ण निर्णय हुने अपेक्षा गरिएको छ। पार्टीले महाधिवेशनको तयारीका लागि यसअघि वडा, पालिका, जिल्ला र प्रदेश तहका अधिवेशन सम्पन्न गरिसकेको जनाएको छ। रास्वपाले सभापति पदका उम्मेदवारका लागि ५१ हजार रुपैयाँ, पदाधिकारीका लागि ४१ हजार रुपैयाँ र केन्द्रीय सदस्यका लागि २१ हजार रुपैयाँ उम्मेदवारी शुल्क निर्धारण गरेको छ।

पार्टी स्थापना दिवसको अवसरसँग जोडेर आयोजना गरिएको महाधिवेशनमा संगठन सुदृढीकरण, आन्तरिक लोकतन्त्रको अभ्यास तथा भावी रणनीति तय गर्ने विषयमा व्यापक छलफल हुने जनाइएको छ। चितवनलाई पार्टीको बलियो जनाधार रहेको क्षेत्रका रूपमा लिइएकाले महाधिवेशन त्यहीँ आयोजना गरिएको नेताहरूले बताएका छन् । रास्वपाले महाधिवेशनलाई “ऐतिहासिक प्रथम राष्ट्रिय महाधिवेशन” का रूपमा प्रस्तुत गर्दै यसबाट पार्टीलाई संस्थागत र दीर्घकालीन राजनीतिक शक्तिका रूपमा स्थापित गर्ने लक्ष्य राखेको जनाएको छ।

**यी हुन प्रतिनिधि**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को महाधिवेशन प्रतिनिधि चार हजार २०० भन्दा बढी हुने भएका छन् । प्रारम्भिक तथ्यांकानुसार चार हजार २१० प्रतिनिधि हुने केन्द्रीय सचिवालयले जनाएको छ।

सचिवालयका संगठन विभाग सचिव शंकर श्रेष्ठका अनुसार, प्रारम्भिक तथ्यांकमा तीन हजार ८१० प्रतिनिधि देखिएको छ। यसमा २५ देशका प्रभास सम्पर्क विभागबाट २०० हाराहारी प्रतिनिधि थप हुने उनले जानकारी दिए। विधानतः सभापतिले मनोनय गर्ने संख्या २०० छ। यसका अतिरिक्त समूहगत रूपमा पार्टी प्रवेश गर्नेबाट अरू केही थप हुन सक्ने श्रेष्ठले बताए।

प्रारम्भिक तथ्यांकानुसार, कोसी प्रदेशबाट प्रतिनिधिको संख्या ५२० छ। मधेसबाट ६३०, वाग्मतीबाट ७९०, लुम्बिनीबाट ४९०, गण्डकीबाट ४७०, कर्णालीबाट ३६० र सुदूरपश्चिम प्रदेशबाट ५५० प्रतिनिधि महाधिवेशनमा सहभागी हुने उनले बताए । महाधिवेशन प्रतिनिधिका रूपमा पालिका सभापति, क्षेत्रीय सभापति र उपसभापति, जिल्ला सभापतिसहित पाँचजना, प्रदेश समितिका सबै सदस्यहरू रहने व्यवस्था छ।

यस्तै, प्रदेशको विभाग, अनुशासन आयोग र सल्लाहकार परिषद्का पदाधिकारी प्रतिनिधि हुने व्यवस्था छ। संघीय नेतृत्व मञ्चका सबै केन्द्रीय समितिका सबै, केन्द्रमा रहेका ३८ विभागका ११ जनाका दरले सदस्य र केन्द्रीय निर्वाचन आयोग, अनुशासन आयोग र लेखा आयोगका ११ जनाका दरले प्रतिनिधि हुनेछन्।

प्रत्येक गाउँपालिकाबाट एक, नगरपालिकाबाट दुई, उप-महानगरपालिकाबाट तीन र महानगरपालिकाबाट चार प्रतिनिधि हुनेछन् । प्रदेश सम्पर्क विभागबाट तीनजनाका दरले र जिल्ला सम्पर्क विभागबाट एक/एक प्रतिनिधि हुने व्यवस्था छ । पछिल्लो प्रतिनिधिसभा सदस्य निर्वाचनमा रास्वपाका तर्फबाट उपविजेता र समानुपातिक सूचीमा रहेका पनि प्रतिनिधि हुनेछन्। यस्तै, ०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा उपविजेता र समानुपातिक बन्दसूचीमा रही पार्टीमा सक्रिय भएका पनि प्रतिनिधि रहनेछन् । केन्द्रीय समितिमा नरहेका प्रतिनिधिसभा सदस्य समेत प्रतिनिधि हुने व्यवस्था छ।

आइतबार (असार ७) भरतपुरको गेस्टहाउस चौरमा उद्घाटनसत्र हुनेछ। बन्दसत्र उद्योग संघको प्रदर्शनी केन्द्रमा हुनेछ। महाधिवेशनका निम्ति पार्टी सभापति रवि लामिछानेसहितका नेताहरू चितवन आइसकेका छन् । प्रधानमन्त्री एवं पार्टीका वरिष्ठ नेता वालेन्द्र शाह (बालेन) आइतबार नै चितवन आउने कार्यक्रम छ।

## स्वस्थ प्रतिस्पर्धाबाटै रास्वपा नयाँ उचाइमा पुग्छ : रवि लामिछाने



बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले महाधिवेशनलाई प्रतिस्पर्धा मात्र नभई पार्टीलाई थप सुदृढ र परिपक्व बनाउने अवसरका रूपमा लिन आग्रह गरेका छन् ।

महाधिवेशनको पूर्वसन्ध्यामा शनिबार भरतपुरस्थित दियालो फुडल्यान्डमा बसेको केन्द्रीय समितिको अन्तिम बैठकलाई सम्बोधन गर्दै उनले पार्टीका नेता तथा कार्यकर्तालाई स्वस्थ र मर्यादित प्रतिस्पर्धामा सहभागी हुन आह्वान गरे ।

पार्टीको वर्तमान अवस्थासम्मको यात्रा नेता-कार्यकर्ता, सदस्य र समर्थकहरूको निरन्तर साथ, विश्वास र मेहनतको परिणाम भएको उल्लेख गर्दै उनले महाधिवेशनबाट संगठन थप मजबुत हुने विश्वास व्यक्त गरे ।

‘पार्टी यहाँसम्म आइपुग्नुमा यहाँहरू सबैको अनवरत साथ, विश्वास र मेहनत छ,’ लामिछानेले भने-‘त्यसैले म साथीहरूलाई स्वस्थ प्रतिस्पर्धाका लागि आग्रह गर्न चाहन्छु। स्वस्थ प्रतिस्पर्धाले नै हामीलाई नयाँ उचाइमा पुऱ्याउनेछ।’

उनले महाधिवेशनपछि कोही केन्द्रीय सदस्य, कोही साधारण सदस्य वा अन्य कुनै भूमिकामा रहे पनि सबैले जिम्मेवार ढंगले पार्टीलाई अगाडि बढाउनेमा आफू विश्वस्त रहेको बताए । लामिछानेले रास्वपाका नेता-कार्यकर्ताले पछिल्लो समय पार्टीले सामना गरेका चुनौतीका बीच पनि साथ नछोडेको उल्लेख गर्दै आभार व्यक्त गरे । कठिन परिस्थितिमा समेत पार्टी र नेतृत्वको पक्षमा उभिएको भन्दै उनले नेता-कार्यकर्ताको योगदानको प्रशंसा गरे ।

### चौथो राष्ट्रिय मिडिया सम्मेलनः

## विज्ञापन प्रतिबन्धले निजी मिडिया संकटमा, अभिव्यक्ति स्वतन्त्रता नै जोखिममा

बुटवल । सरकारले निजी सञ्चारमाध्यमलाई दिने विज्ञापन तथा सार्वजनिक सूचनामा लगाएको प्रतिबन्धले मिडिया क्षेत्रलाई गम्भीर संकटमा धकेलेको भन्दै सञ्चार क्षेत्रका अगुवाहरूले सरकारलाई नीति पुनर्विचार गर्न आग्रह गरेका छन्। प्रकाशन तथा प्रसारण संघ लुम्बिनीको आयोजना र नेपाल मिडिया सोसाइटीको सह-आयोजनामा बुटवल उप-महानगरपालिकाको सहकार्यमा शनिबारदेखि सुरु भएको दुईदिने चौथो राष्ट्रिय मिडिया सम्मेलनमा वक्ताहरूले विज्ञापन प्रतिबन्धलाई अभिव्यक्ति स्वतन्त्रता र लोकतन्त्रमाथिकै चुनौतीसँग जोडेका हुन्।

सम्मेलन उद्घाटन गर्दै बुटवलका नगरप्रमुख खेलराज पाण्डेले मिडियालाई कमजोर बनाउने कुनै पनि नीति दीर्घकालमा सफल नहुने बताए । दूरदराजका स्थानीय तहले राष्ट्रिय पत्रिकामार्फत् आफ्ना सूचना जनतासम्म पुऱ्याउनै नसक्ने अवस्थामा यस्तो प्रतिबन्ध व्यावहारिक रूपमा पनि टिक्न नसक्ने उनको भनाइ थियो। नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्माले सरकारको पछिल्लो विज्ञापन नीतिलाई अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रत्यक्ष हस्तक्षेप भनिन् । दुईतिहाइ बहुमतको सरकारले सञ्चार क्षेत्रप्रति देखाएको दृष्टिकोणले विज्ञापनमा एकाधिकार कायम गर्न खोजेको र यो अब पत्रकारको मात्र नभई समग्र नागरिक स्वतन्त्राकै सवाल बनिसकेको उनले बताइन् । संविधानले दिएका अधिकार संकुचित गर्न नपाइने माग राख्दै महासंघ आन्दोलनमा रहेको र विभिन्न क्षेत्रका नागरिक समेत यसमा ऐक्यबद्ध भइरहेको उनको भनाइ थियो। नेपाल मिडिया सोसाइटीका अध्यक्ष मदन लम्सालले मिडियाको भविष्य कुनै एक्लो संस्थाको नभई साझा दायित्व भएको स्मरण गराए। सरकारी सूचना निजी मिडियामा नदिँदा ठूलो संख्यामा सञ्चारकर्मीले रोजगारी गुमाउने र धेरै दैनिक पत्रिका बन्द हुने अवस्थामा पुगेको उनले चेतावनी दिए। साथै पत्रकार र सञ्चार संस्थाले पनि तथ्यपरकता, व्यावसायिकता र विश्वसनीयतालाई प्राथमिकता दिनुपर्ने उनको सुझाव थियो।

प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झविन्द्र भुसालका अनुसार आर्थिक सुस्तता, डिजिटल प्लेटफर्मको बढ्दो प्रभाव र विज्ञापन बजार साँघुरिँदा सञ्चार क्षेत्र चुनौतीपूर्ण मोडमा पुगेको छ। काउन्सिल सरकार र मिडियाबिच पुलको भूमिकामा रहेको उनले बताए, साथै सञ्चारमाध्यमको गुणस्तर र आचारसंहितामा पनि आत्मसुधार आवश्यक रहेको औंल्याए।

मिडिया सोसाइटीका निवर्तमान अध्यक्ष शुभशंकर कंडेलले अभिव्यक्ति स्वतन्त्रताको जग आर्थिक स्वतन्त्रता पनि भएको र डिजिटल रूपान्तरणका कारण लगभग ६८ प्रतिशत पत्रकार बेरोजगार बनेको तथ्यांक सुनाए। नर्वे जस्ता मुलुकले मिडियालाई दिने सहुलियतजस्तै नेपालमा पनि संरक्षणात्मक नीति आवश्यक रहेको उनको भनाइ थियो। नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष शिव गाउँलेले प्रेस स्वतन्त्रता र आर्थिक स्वतन्त्रता एकअर्कासँग अन्तरसम्बन्धित रहेको उल्लेख गर्दै सञ्चारमाध्यमको आर्थिक आधार कमजोर पार्ने नीति अन्ततः लोकतन्त्रकै हितविपरीत हुने बताए।

‘संकटबाट समाधानतर्फ : मिडियालाई कसरी लैजाने ?’ विषयक प्यानल छलफलमा नेपाल पत्रकार महासंघकी अध्यक्ष निर्मला शर्मा, बुटवल उप-महानगरपालिकाकी उपप्रमुख सावित्रा अर्याल, प्रेस काउन्सील नेपालका मुख्य अधिकृत झविन्द्र भुसाल र नेपाल मिडिया सोसाइटीका महासचिव बोधराज त्रिपाठी सहभागी थिए। अर्यालले स्थानीय सरकार र मिडियाबिच सहकार्य बढाउनुपर्ने, त्रिपाठीले विज्ञापन नीतिसहित समग्र सञ्चार नीतिको पुनरावलोकन आवश्यक रहेको बताइन् भने त्रिपाठीले प्रेस स्वतन्त्रता र आर्थिक स्वतन्त्रता अन्तरसम्बन्धित रहेकाले आर्थिक आधार कमजोर पार्ने नीति लोकतन्त्रकै हितविपरीत हुने बताए।

त्यस्तै दोस्रो प्यानलगत छलफलमा अनलाइन मिडिया सोसाइटी रुपन्देहीका अध्यक्ष गौतम भुसाल, वरिष्ठ पत्रकार एवं मिडिया हाउस सञ्चालक डा. बालकृष्ण चापागाईं, टेलिभिजन प्रसारक संघ लुम्बिनीका अध्यक्ष गोपाल ज्ञवाली, सामुदायिक रेडियो प्रसारक संघ लुम्बिनी प्रदेशका अध्यक्ष नविन केसी, मध्यविन्दु दैनिकका सम्पादक मदनकुमार श्रेष्ठले मिडयालाई संकटबाट जोगाउन सरकारले संरक्षणको नीति लिनुपर्ने र विज्ञापनमाथिको प्रतिवन्ध हटाउनुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा प्यानल छलफलको सहजीकरण पत्रकारद्वय अमृता अनमोल र विनोद परियारले गरेका थिए । प्रकाशन तथा प्रसारण संघ लुम्बिनीका अध्यक्ष नवराज कुँवरले सम्मेलनले निजी मिडियाको संरक्षण र प्रवर्द्धनका लागि साझा निष्कर्ष निकाल्ने विश्वास व्यक्त गरे। उपाध्यक्ष विष्णु भुसालले सञ्चार क्षेत्रका चुनौती समाधानका लागि नीतिगत सुधार आवश्यक रहेको बताए। महासचिव माधव नेपालले सम्मेलनबाट प्राप्त सुझावहरू सरकारसमक्ष पुऱ्याइने र मिडियाको हकहितका पक्षमा संघ निरन्तर सक्रिय रहने जनाए।

आइतबारसम्म चल्ने सम्मेलनमा सरकारको आगामी विज्ञापन नीति, मिडियाको आर्थिक स्थायित्व, डिजिटल रूपान्तरण र प्रेस स्वतन्त्रताका विषयमा थप छलफल हुने आयोजकले जनाएका छन् । देशभरका सञ्चालक, सम्पादक र पत्रकारको सहभागितामा भइरहेको यो सम्मेलनले विज्ञापन प्रतिबन्धप्रति सरकारको ध्यानाकर्षण गराउँदै साझा समाधानको मार्ग खोज्ने अपेक्षा गरिएको छ।



दैनिक लुम्बिनी

## सम्पादकीय

# रास्वपा महाधिवेशनका अपेक्षा

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीको महाधिवेशन आजदेखि चितवनमा सुरु हुँदैछ। झण्डै दुई तिहाईको जनमतका साथ सरकार सञ्चालन गरिरहेको रास्वपाको महाधिवेशन यस अर्थमा महत्वपूर्ण छ कि महाधिवेशनले पार्टीको सांगठनिक व्यवस्थापन र नीतिगत प्रष्टता गर्नेछ। कुनै पनि राजनैतिक दलका लागि महाधिवेशन नयाँ उर्जाको माध्यम हो, अझ रास्वपाका लागि त्यो उर्जाको सही व्यवस्थापन गरी पार्टीलाई तल्लो तहसम्म व्यवस्थापन गर्ने र वैधानिकता दिने महत्वपूर्ण थलो हुनेछ।

स्थापनाको छोटो समयमै सत्ता सञ्चालनको चाँवी हातमा लिएको रास्वपा अनेकौं आशंका र संशयमा गुज्रिएको छ। जनमत दुई तिहाई नजिकको आएपनि संगठनात्मक व्यवस्थापन र नीतिगत प्रष्टताका लागि दबाब परिरहेको बेला महाधिवेशन आयोजना गरेर नेतृत्वले पार्टीका लागि अनुकुल अवस्था निर्माण गरेको छ। तल्लो तहसम्म संगठनको अभावमै लहरको भरमा गएको चुनाव जितेको रास्वपाका निम्ति अबका चुनाव संगठन अपरिहार्य हुनेछ किन कि लहर सधैँ आउँदैन्। नेपाली समाज एउटै पार्टीका पछि सधैँ कुदिरहँदैन्, त्यसका लागि जनतासँग जोडिने माध्यम चाहिन्छ, त्यो भनेको संगठन हो। जनतासँग भिजेका र भिज्ने व्यक्तिलाई संगठनमा स्थापित गर्ने र विधिसम्मत हिंडाउने सार्मथ्य राख्न सक्दा नै एउटा सबल पार्टी बन्छ। जिल्ला र प्रदेश अधिवेशनमा कतिपय ठाउँमा भएको झडपले रास्वपाभित्र समाजमा बढ्दो अराजकताले कब्जा जमाउने जोखिम छ। त्यो जोखिमको व्यवस्थापनको खाका यो महाधिवेशनले ल्याउन सक्दा आगामी दिनमा एउटा अनुशासित संगठन बन्न सक्नेछ, तर अराजकताको आगोलाई चिम्लिने प्रवृत्ति हावी भएमा रास्वपा निर्माण र व्यवस्थापन जटिल बन्दै जानेछ। आन्तरिक लोकतन्त्रमा सबल बनाउन खोज्दा नै सरकारको सफलता निर्भर रहन्छ। अहिले सरकार लोकतान्त्रिक परिपाटीले चलेको नभई जोरजबर्जस्ती र विधिको उल्लंघन गरी सञ्चालन भइरहेको भन्दै आलोचना भइरहेको बेला पार्टीको आन्तरिक लोकतन्त्रलाई सबल बनाउन खोज्दा सरकार सञ्चालन पनि लोकतान्त्रिक विधिबाट सञ्चालन गर्न सघाउ पुग्नेछ। लोकतान्त्रिक विधिलाई कुल्चदा समाजमा हुने विष्फोटले अन्ततः रास्वपालाई किनारामा पुऱ्याउने छ नै, मुलुकले पनि मूल्य चुकाउने छ।

कुनै वैचारिक धरातलको आधारमा खडा भएको पार्टी नभई रास्वपा नेपाली समाजमा देखिएको असन्तुष्टिमा खेलेर निर्माण भएको पार्टी भएकाले अब वैचारिक प्रष्टता दिन उत्तिकै आवश्यक छ। उदार आर्थिक नीति अगाल्ने लोकतान्त्रिक पार्टी भनिए पनि विगतमा संघीयताप्रति असहिष्णु नेतृत्व अहिले त्यसप्रति सकारात्मक छ। संघीयता र गणतन्त्रप्रति जति प्रष्ट हुँदै गएको छ, धर्म निरपेक्षता र समावेशीताप्रति पनि उसको प्रष्टता आवश्यक छ किन भने अस्पष्टताले राजनैतिक दल समस्याको जालोमा जेलिन्छन्। झण्डै तीन हजार प्रतिनिधि पर्यवेक्षक सहभागी महाधिवेशन यो महाधिवेशनले सांगठनिक व्यवस्थापन र वैचारिक प्रष्टता लिन सक्दा मुलुकले पनि सही लय समात्छ किन कि रास्वपाले सत्ता सञ्चालनको जिम्मा पाएको छ।

# गाउँ क्षेत्र हुँदै राजधानी घेर



विनबहादुर कुँवर

नेपाल-भारतबिच द्वन्द्व सिर्जना गराउने। यता नेपालको भूमि कालापानी लिपुलेक आदि फिर्ता गर भन्दै भारतविरुद्ध नेपालीहरुलाई उचाल्ने फेरि उता बालेनले नै बोलेको भारतीय भूमि फिर्ता गर भनी भारतीयहरुलाई उक्साउने अन्ततः मध्यस्तताको नाममा नेपालमा अमेरिकी सेना भित्र्याउने यो भित्री डिजाइन जुन जेनजी आन्दोलन पूर्व नै अमेरिकी शासकमार्फत् रवि-वालेन र सुदन गुरुङबिच गोप्य सम्झौता र समझदारी भएका गोप्य सूचनाहरु अहिले धमाधम बाहिरिन थालेका छन्।

अहिले देशमा जन निर्वाचित उच्च निकाय जनप्रतिनिधि संघीयसभा अर्थात् संसदीय सदनको बैठक चलिरहेको छ। तर अहिले त्यहाँ कुनै देश र जनताको हितका लागि भन्दा आ-आफ्नै व्यक्तिगत दलीय स्वार्थ र हितका लागि तछाडमछाड अर्थात् सत्तापक्ष र प्रतिपक्षबिच कुकुर बिरालाको जस्तै हाउँ हाउँ र ऱ्यारऱ्यार गर्ने जस्तै द्वन्द्व र तमासा देखिएको छ। सदन सञ्चालन भएकै दिनदेखि अहिलेसम्म त्यस्तै तमसा त्यहाँ भइरहेको छ। जिन्दवाद-मूर्दावाद कुर्सी छोड, राजीनामा दे आदि जस्ता नारा त्यहाँ दिनहुँ गुञ्जिरहेका हुन्छन्। तर सत्ता पक्षले भने ती केही पनि नसुनी कुकुर भुक्दैछ, तर हात्ति अघि बढ्दै छ भने जस्तै गरी एकपछि अर्को रुपमा धमाधम त्यहाँबाट आफ्नो नीति तथा कार्यक्रम अनि नयाँ-नयाँ विधेयकहरु एकलौटी विपक्षीहरुको विरोध नारा-जुलुस घेराबन्दी आदि हुँदाहुँदै पनि पारित गर्दै अघि बढिरहेको छ।

आखिर यो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा संसदीय सदन आ-आफ्नो वर्गीय चरित्रअनुसार नै जे त्यहाँ पहिले पहिले हुने गर्दथ्यो त्यही हुने गरेको छ। अर्थात् वर्गीय रुपमा यो केही सामन्ती दलाली मुठ्ठीभर हुने खाने वर्गका लागि यो स्वर्ग जस्तै छ भने गरिब, निमुखा, शोषित, पीडित, किसान, मजदुर वर्गका लागि नर्क सरह देखिएको छ। हिजो निर्वाचनमा त्यस्तै गरिब, दलित, सुकुम्वासी किसान, मजदुर जस्ता शोषित पीडित भुई मान्छेहरुलाई विभिन्न आश्वासन बाँडेर अर्थात् एक प्रकारको हौवा, पुराना र नयाँबिचको अन्तर देखाएर देशव्यापी अत्यधिक बहुमतद्वारा सदन कब्जा गरियो र सरकार बनाइयो। तर सरकार बनेकै अर्को दिनदेखि ती सबै बचन बिर्सि उल्टै तिनै भुई मान्छेहरुमाथि यो सरकार डोजर बोकी हमला गर्न आइपुग्यो। सुकुम्वासीहरुको विचल्ली, उठिबास। किसान-मजदुर, शिक्षक, विद्यार्थी सबै आ-आफ्ना पेशागत संगठनहरुमाथि प्रतिबन्ध जुन हिजो पञ्चायती निरंकुश शासकहरुले पनि यो गर्न सकेका थिएनन्।

हिजो भोका-नाङ्गा, गरिब जनताको गीत चमेली गाउँदै हिडेर जनताको मत जिति सत्तासीन बनेको, आफ्नो अपिसमा ग्रेट नेपालको नक्सा टागेर एउटा संसक्त देशभक्त र राष्ट्रवादी बन्ने गरेको हालको प्रधानमन्त्री बालेन साह अन्ततः आफ्नो खास वर्गीय धरातलमा यति छिट्टै आइपुगिहाल्ला भन्ने कसैलाई विश्वास नै थिएन। तर भयो त्यही। आखिर पाल्तु कुकुर उसको मालिकले जे भन्छ त्यही गर्छ। आभन्दा आउँछ, जाभन्दा जान्छ, टोकभन्दा टोक्छ, भुकभन्दा भुक्छ त्यो पाल्तु कुकुरको धर्म, कर्तव्य र जिम्मेवारी हो। त्यस्तै जिम्मेवारी आज हाम्रो देशका यी विदेशी पाल्तु कुकुर दलालहरुबाट जे जे गर्न हिजो भनिएको थियो त्यही त्यही आ-आफ्नै मालिकहरुको इशारामा गर्दै छन्।

माथि जे जे भनियो त्यही गरेर गर्दैछन्। देशको राष्ट्रियता र अतिक्रमण अनि सिमाको बारेमा प्रश्न उठयो त्यसलाई मत्थर वा अन्यत्र मोड्न मालिकहरुले नयाँ जुक्ति खोजे र आफ्ना बफादार पाल्तु नोकरलाई त्यो पनि देशको उपल्लो गरिमामय प्रतिनिधि सभाको रोष्ट्रममै उभिएर उल्टै भन्न र बोल्न अऱ्याए 'नेपालले पनि भारतको कैयौं भूमि मिचेको रहेछ।' कस्तो हाई संचो ? अन्ततः अहिलेसम्म नेपालको भूमि अतिक्रमण गर्ने विस्तारवादी भारत उल्टो भारतकै भूमि नेपालले अतिक्रमण गरेको खुलासा त्यो पनि देशकै करिब दुई तिहाई बहुमत प्राप्त प्रधानमन्त्रीकै मुखबाट। अब फेरि कुन मुखले कुन नाकले भारतीय विस्तारवाद अनि त्यसले अहिलेसम्म ओगटी बसेको लिपुलेक, कालापानी, लिम्पियाधुरा साथै सुस्ता महशेपुरलगायत पूर्व-पश्चिम दक्षिणका भारतीय अतिक्रमित नेपालको हजारौं एकड भूमि फिर्ता गर भन्ने ? उल्टै अहिले भारतीय मिडिया र दलालहरुले नेपालबाट अतिक्रमित भारतीय भूमि फिर्ता गरी ल्याउन भारतीय प्रधानमन्त्री मोदीलाई दबाब दिन थालेका छन्। हिजो ग्रेट नेपालका कुरा गर्ने आज नेपालले नै भारतीय भूमि मिचेको भन्नेहरुको वास्तविक नक्कली राष्ट्रवादको पर्दापास भएको छ। सत्तामा नपुगेनजेल देशको राष्ट्रियता र राष्ट्रवादको नारा घन्काउने तर सत्ता पाएपछि उल्टै नेपालले नै भारतीय भूमि मिचेको देख्ने।

अचम्म त्यो दिनदेखि त्यो विषयमा स्पष्टीकरण दिई फिर्ता लिई माफी माग्न सदनदेखि सडक चारैतिर आवाज उठिरहेको तर ढुंगा बोल्ला तर प्रधानमन्त्री बालेन यसमा अडिक छन्। हुनतः जस्तो पार्टी त्यस्तै दल नेता-अनि कार्यकर्ता। प्रम बालेनलाई मात्रै के दोष ? स्वयं घण्टी पार्टीका सभापति बालेन अनि उपसभापति स्वर्णिम वाग्ले र हालका परराष्ट्रमन्त्री शिशिर खनाल लगायतहरुको मूल चाहना र नियत नै जसरी हुन्छ सत्तामा जाने। त्यसको लागि आवश्यक परे यो देशको जिम्मा नै भारतलाई दिएर भए पनि सत्तामा जाने गरी भारतीय शासकहरुसँग भेटघाट र वार्ता गर्न घण्टी पार्टीका तत्कालीन महासचिव डा. मुकुल ढकाललाई अऱ्याइएको रहस्य त स्वयं ढकालले बताउँदै आएका छन्। त्यत्तिकै भारतले अहिले रास्वपाका सभापति रवि लामिछानेलाई भारत भ्रमणको निम्ता दिई त्यहाँ रातो कार्पेट विछ्याएर फूलमाला, नाचगानसहित बाजा बजाएर भव्य स्वागत गरेको। जस्तो सिक्किमी भारतीय दलाल लेण्डुपेलाई सिक्किम भारतमा विलय गराउनका लागि हिजो त्यस्तै गरे जस्तै।

यसै विषयमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका प्रमुख संसदीय दल नेता भीष्मराज आङदेम्बेले सदनबाट एउटा अति संवेदनशील सनसनीपूर्ण वक्तव्य जारी गर्दै प्रम बालेन र घण्टी पार्टीका सारा सभासभादहरुमाथि राष्ट्रद्रोह र राष्ट्रघाती भएको सप्रमाण घोषणा गरेका छन्। त्यो देशको राष्ट्रियता र स्वाभिमानको अत्यन्त महत्वपूर्ण विषय छ। कुन प्रमाण कुन पुरानो इतिहास कसरी नेपालले भारतीय भूमि अतिक्रमण गरेको छ ? सप्रमाण सहित सदनलाई अवगत गराउन प्रधानमन्त्रीले। नत्र भने एउटा हचुवा र लहडको भरमा यस्तो राष्ट्रघात गर्न पाइदैन। तत्काल प्रधानमन्त्रीबाट राजीनामा गर। साँच्चै नै अहिले नेपाल सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र स्वाभिमान राष्ट्र भएको भए र यो राज्य सत्ताले बालेनलाई तत्काल गिरफ्तार गरी राष्ट्रघाती र राष्ट्रद्रोहीको मुद्दा चलाई कडा निगरानीसहित जेल चलान गरिसक्थ्यो। तर दुःखको कुरा कतै यो देशको मूल राज्य सत्ता नै बालेनको कब्जामा गइसकेको त होइन ? अझ गजबको कुरा त के छ भने यस्तो राष्ट्रघाती शब्द वाक्य त्यो गरिमामय सदनको रोष्ट्रमबाट बालेन बोलिरहँदा घण्टी पार्टीका झोले सांसदहरुको तालीको गडगडाहट र हाँसो खुसीबाट त प्रष्टै छ यो बालेनको भनाइ कुनै भूलवश एकाएक अनायसमा भनेको हुँदै होइन। पूर्व नियोजित नै छ। घण्टी पार्टीका झोले सांसदहरु तिमीहरुलाई थाहा छ कि छैन तिमीहरुको संसदीय सदनमा गणना संख्या यो कूल सदन संख्याको करिब दुई तिहाई नै छ। यति ठूलो संख्याले यसमा समर्थन गरी ताली पिटी त्यसलाई समर्थन गर्दा बालेनको त्यो राष्ट्रघात नैतिक रुपले समर्थन र पारित भएन र ? के नेपाली जनताले तिमीहरुलाई यस्तै राष्ट्रघात गर्नका लागि यति ठूलो मत प्रदान गरेका थिए। त्यसैले अब पनि सोंच।

केही यस्ता राष्ट्रघात यसभन्दा पहिलेका पार्टी नेताहरुले पनि नगरेका होइन। कांग्रेसले कोशी गण्डक नदी सम्झौता राजा-पञ्चेहरुले लिपुलेक कालापानी कांग्रेस-एमालेले महाकाली टनकपुर सन्धि सम्झौता अनि कांग्रेस- एमाले र माओवादीहरुले राष्ट्रघाती अमेरिकी परियोजना एमसीसी जस्ता राष्ट्रघात गरे। तर यी सबैमा कमसेकम केही छिद्रहरु राखेर केही लाज ढाक्ने काम भएको थियो। तर अहिले यो सरकारका प्रधानमन्त्रीले खुल्मखुला भारतीय भूमि केही थुप्रै ठाउँमा नै नेपालले मिचेको बताएका छन्। यसको खण्डन नगरी जनतासामु माफी नमागी यस्तै पाराले अघि बढ्ने हो भने बालेन-रवि-वाग्ले आदि मात्रै होइन अरु घण्टी पार्टीका नेता-कार्यकर्ता र ताली पिटी त्यसलाई अनुमोदन गर्ने तिमी सब घण्टी सभासदहरु पनि राष्ट्रघाती र जनद्रोही ठहरिने छौं। अब हुने देशको राष्ट्रियता र स्वाभिमानको आन्दोलन र विद्रोहले बालेन-रविलाई मात्रै होइन तिमी साराका सबलाई जसरी तिमीहरुले सिंहदरबार, अदालत संसद भवन, राष्ट्रपति भवन आदि थुप्रै ठाउँलाई आगो लगाई खरानी पाऱ्यौं, त्यसैगरी खरानी पार्ने पालो तिमीहरुको हो। ख्याल गर। अहिले नै सचेत भई रवि-बालेनको सति जान नखोज।

रास्वपा घण्टी पार्टी र यसका नेता रवि-बालेनहरुले कथित जेनजी विद्रोहको नाममा देशका थुप्रै स्थान र भवनहरुलाई खरानी पारे। अब त सिंगो राष्ट्र नेपाललाई नै खरानी पार्ने दाउँमा यिनीहरु छन्। त्यसैका लागि हो यो बालेनको सदनको रोष्ट्रमबाट गरेको राष्ट्रद्रोही उद्घोष अमेरिकी साम्राज्यवादी र भारतीय विस्तारवादी डिजाइन। नेपालमा अस्थिरता र यस्तै द्वन्द्व निम्ताएर कथित शान्तिको नाममा अमेरिकी सेना नेपालमा भित्राउने षड्यन्त्र। सुरुसुरुमा यसै विषयमा नेपाल भारतबिच द्वन्द्व सिर्जना गराउने। यता नेपालको भूमि कालापानी लिपुलेक आदि फिर्ता गर भन्दै भारतविरुद्ध नेपालीहरुलाई उचाल्ने फेरि उता बालेनले नै बोलेको भारतीय भूमि फिर्ता गर भनी भारतीयहरुलाई उक्साउने अन्ततः मध्यस्तताको नाममा नेपालमा अमेरिकी सेना भित्र्याउने यो भित्री डिजाइन जुन जेनजी आन्दोलन पूर्व नै अमेरिकी शासक मार्फत रवि-वालेन र सुदन गुरुङबीच गोप्य सम्झौता र समझदारी भएका गोप्य सूचनाहरु अहिले धमाधम बाहिरिन थालेका छन्।

अन्त्यमा नेपाल र नेपालीहरुको राष्ट्रियता, स्वतन्त्रता र स्वाभिमान अनि अस्तित्व र पहिचानका लागि राष्ट्रिय मुक्ति आन्दोलन र विद्रोह गर्नुको अर्को विकल्प नै छैन। त्यसैले के कम्युनिष्ट के कांग्रेस के अरु देशका राष्ट्रघात विरोधी सम्पूर्ण देशभक्त वामपन्थी जनवादी र राष्ट्रवादी साथै प्रजातन्त्रवादी सबैको एउटा वृहत संयुक्त मोर्चा बनाई विद्रोहमा जुटौं। पहिले सत्ता इतर सभादहरुले सांसद घेर। जनताले सिंहदरबार बालुवाटार अनि पुलिस, सैनिक हेडक्वाटर घेर। अनि गाउँ जिल्ला जिल्ला हुँदै क्षेत्र पछि राजधानी घेर।

# शल्यकक्षभित्रको एउटा अदृश्य भार

**डा. बालकृष्ण साह**

*'वैद्यराज नमस्तुभ्यं यमराजसहोदर।*
*यमस्तु हरति प्राणान् वैद्यः प्राणान् धनानि च।'*

प्राचीन ग्रन्थहरूमा वैद्य अर्थात् चिकित्सकलाई यमराजको दाजुका रूपमा सम्मान र व्यंग्य दुवै गरिएको छ। यमराजले त केवल प्राण मात्र लिन्छ। तर एउटा कुशल वैद्यले त बिरामीलाई नयाँ जीवन दिएर उसको परिवारको सर्वस्व रक्षा गरिदिन्छ। मेरो व्यावसायिक जीवनको डायरीमा केही दिनअघि एउटा यस्तो पाना थपियो, जसको मसी कहिल्यै फिक्का हुने छैन।

चिकित्सा सेवाको यो लामो यात्रामा मेरा हातले एकै दिनमा १४ वटासम्म शल्यक्रियाबाट गरिने प्रसूति गरेका छन्। संख्याकै हिसाबले हेर्ने हो भने त्यो साझँका तीनवटा शल्यक्रिया सामान्य लाग्न सक्छ। तर त्यो साँझ मेरो स्मृतिमा सधैँका लागि अविस्मरणीय बनेर कोरिएको छ।

त्यो कुनै योजनाबद्ध तालिका थिएन, एउटा विरलै हुने संयोग थियो। ती तीनै जना सुत्केरी आमाहरू अरू कोही नभएर हाम्रै सहरका स्थापित विशेषज्ञ चिकित्सकका श्रीमतीहरू हुनुहुन्थ्यो। संयोगको त्यो श्रृंखला त्यतिमै रोकिएन, हिजोअस्ति मात्रै फेरि अर्को एउटा शल्यक्रिया गर्ने अवसर जुर्यो। जहाँ शल्यक्रियाको टेबलमा सुत्ने बिरामी स्वयं एक चिकित्सक हुनुहुन्थ्यो।

जब एक चिकित्सकले अर्को चिकित्सकलाई आफ्नो वा आफ्नो परिवारको जीवन सुम्पिन्छ, त्यो केवल एउटा प्राविधिक भरोसा मात्र होइन। त्यो त एउटा सहकर्मीले अर्को सहकर्मीको ज्ञान, कौशल र अन्तस्करणमाथि गरेको 'परम विश्वास' हो। यो मेरो पेसागत जीवनको जति ठूलो अहोभाग्य थियो, मेरो मानसपटलका लागि त्यति अदृश्य मनोवैज्ञानिक दबाब पनि थियो।

यहाँनिर म एउटा कटु सत्य र मेरो मनभित्र गुम्सिएको एउटा यथार्थ पनि खोल्न चाहन्छु। म एउटा पुरुष स्त्रीरोग तथा प्रसूति विशेषज्ञ हुँ। हाम्रो नेपाली समाजको बनावट र सोंच यस्तो छ, जहाँ महिलाहरू आफ्ना भित्री स्वास्थ्य समस्याहरू, गर्भ र प्रसवका पीडाहरू पुरुष चिकित्सकसँग साझेदार गर्न निकै धक मान्छन्। धेरैका लागि पुरुष गाइनोकोलोजिस्टकहाँ जानु केवल एउटा 'बाध्यता' मात्र हुने गर्छ, र पहिलो रोजाइ सधैँ महिला चिकित्सक नै हुन्छन्।

त्यो चिसो स्टिलको टेबलमा केवल एउटा जीवित शरीर मात्र हुँदैन। त्यहाँ एउटा परिवारको सिंगो हाँसो, एउटा सन्तानको भविष्य र असंख्य सपनाहरू सँगै सुतिरहेका हुन्छन्। प्रसव वेदना भोग्ने महिलाको पीडा महिलाले नै बढी बुझ्छन् भन्ने सामाजिक मनोविज्ञान छ। अनि विराटनगरमा पर्याप्त र दक्ष महिला चिकित्सक उपलब्ध छन्। यस अवस्थामा बिरामीहरूले र त्यसमा पनि स्वयं विशेषज्ञ चिकित्सकहरूले आफ्नी अर्धाङ्गिनीको जीवन मेरो हातमा सुम्पिनु ? यो मेरो लागि केवल बिरामी पाउनु मात्र थिएन। यो त मेरो पेसागत मर्यादा, मेरो क्लिनिकल दक्षता र वर्षौंदेखि मैले कमाएको कुशलताको सबैभन्दा ठूलो र अकाट्य प्रमाण थियो। जब विकल्पहरूका चाङबिच कसैले तपाईंलाई रोज्छ, तब काँधको जिम्मेवारी झन् दोब्बर भएर आउँदो रहेछ।

त्यस साँझ जब म हात 'स्क्रब' गरेर शल्यक्रिया कक्ष (ओटी) भित्र पस्दै थिए। बाहिरको दृश्यले मेरो छाती गर्वले जुरुक्क फुलेर आयो। फेरि लगत्तै एउटा अज्ञात जिम्मेवारीको भारीले थिचियो। हिजोसम्म अस्पतालका वार्डहरूमा कडा निर्देशन दिने विज्ञ डाक्टर साथीहरू आज कोठाको ढोकाबाहिर 'कुरूवा' का रूपमा बस्नुभएको थियो। उहाँहरूको आँखामा कुनै चिकित्सा शास्त्रका जटिल सिद्धान्तहरू थिएनन्। त्यहाँ त केवल एउटा श्रीमानको मुक चिन्ता, छटपटी र एउटा निरीह प्रार्थना मात्र नाचिरहेको थियो। ती आँखासँग जुध्दा मलाई महसुस भयो- आज म केवल एउटा शल्यक्रिया मात्र गरिरहेको छैन, म त मेरा आफ्नै साथीहरूको संसार सम्हाल्दै छु।'

चिकित्सा विज्ञान जतिसुकै आधुनिक र सटिक किन नहोस्, शल्यक्रिया कहिल्यै सोचेजस्तो सरल रेखामा हिंड्दैन। मानवीय शरीरका आफ्नै रहस्य र जटिलता हुन्छन्। यसलाई विज्ञानले स्वाभाविक माने पनि मनले सहजै स्वीकार्न सक्दैन। सबै कुरा लयमै हिंडिरहेका बेला पनि अचानक आउने सानो प्राविधिक व्यवधानले शल्यकक्षको तापक्रम ह्वात्तै बढाइदिन्छ। नेपालीमा भनिन्छ नि, 'हुने हार दैव नटार'। चिकित्सा विज्ञानमा सबै पूर्वतयारी हुँदाहुँदै पनि कतिपय जटिलताहरू अनपेक्षित रूपमा आइपर्छन्। मलाई सम्झना छ, तीमध्ये एक विशेषज्ञकी श्रीमतीको त्यो दोस्रो पटकको सिजेरियन थियो। उनको पहिलो प्रसव पनि सिजरियन नै थियो। उनको शल्यक्रियाकै क्रममा अपेक्षाभन्दा अलि बढी रक्तस्राव हुन थाल्यो। चिकित्सकीय र प्राविधिक हिसाबले त्यो मेरो नियन्त्रण र व्यवस्थापनकै दायराभित्र थियो। तर त्यो पल मेरो मनभित्र एउटा भीषण आँधी चल्यो। शल्यकक्षको त्यो ह्यालोजन बत्ती अचानक अलि बढी चम्किलो र तीखो भए जस्तो लाग्यो। एनेस्थेसिया मोनिटरको प्रत्येक 'बीप... बीप...' को आवाज मेरो आफ्नै मुटुको धड्कनभन्दा ठूलो सुनिन थाल्यो।

बाहिर कुरिरहेका साथीको अनुहार मेरो बन्द आँखामा पनि झल्झली आयो। हातले औजार समाइरहँदा, मनले तीव्र गतिमा गणितीय हिसाब गरिरहेको थियो, 'कति रक्तस्राव भयो ? अर्को कदम के हुने ? कतै यो विश्वासको अग्निपरीक्षामा म चुक्ने त होइन ?' त्यो केही मिनेटको मानसिक तनाव यति भारी थियो कि लाग्यो समयको सुइँ नै ठप्प रोकिएको छ। तर दशकौँको अनुभव र टिमको तदारुकताले अन्ततः स्थिति नियन्त्रणमा आयो। जब एउटा नयाँ जीवनको पहिलो रोदनले ओटीको त्यो स्तब्ध सन्नाटालाई चिर्यो, तब मात्र मैले बल्ल लामो र हलुका सास फेर्न सकेँ। चिकित्सकका लागि सर्जरी एउटा विज्ञान र कला मात्र होला, तर त्यो क्षण मेरा लागि मेरो काँधमा सुम्पिएको एउटा परिवारको सिङ्गो भविष्य र भरोसाको रक्षा थियो।

विश्व स्वास्थ्य संगठनका अनुसार, चिकित्सा विज्ञानको दृष्टिले आदर्श सिजेरियन दर १० देखि १५ प्रतिशत हुनुपर्ने हो। तर आज विश्वभर यो आँकडा २०-३० प्रतिशत नाघिसक्यो र हाम्रा सहरिया अस्पतालहरूमा त यो संख्या ४० प्रतिशत भन्दा बढी छ। सतही रूपमा हेर्नेहरूलाई लाग्न सक्छ, यो अस्पतालको 'बिल' बढाउने व्यापारिक खेल मात्र हो। तर सत्य त्योभन्दा धेरै गहिरो, मानवीय र मनोवैज्ञानिक छ। यो वृद्धिको चुरोमा एउटा महाशत्रु लुकेको छ। र, त्यो हो 'डर'। पहिलो डर त स्वयं बिरामी र परिवारकै हुन्छ। आधुनिक जीवनशैली र प्रसवको त्यो प्रलयकारी वेदनाप्रतिको घट्दो सहनशीलताले आज 'पेनलेस डेलिभरी' को चाहना बढाएको छ। यसले सिजेरियनलाई एउटा अन्तिम 'विकल्प' भन्दा पनि एउटा सहज 'छनोट' बनाइदिएको छ।

दोस्रो डर, अस्पताल र चिकित्सकको हो। आजको उपभोक्तावादी समाजमा अस्पताल र चिकित्सकमाथि 'शतप्रतिशत त्रुटिहीन नतिजा' को ठूलो दबाब छ। प्राकृतिक प्रसवको बाटोमा सानो पनि जोखिम लिनु भनेको कानुनी झमेला र सामाजिक आक्रोशको शिकार हुनु हो। जटिलता आएपछि 'किन ढिलो गर्‍यौ ?' भन्ने कठोर प्रश्नको सामना गर्नुभन्दा 'समयमै शल्यक्रिया गरेर बच्चा सुरक्षित निकालौँ' भन्ने मानसिकता आज धेरै चिकित्सकमा हाबी हुँदै गएको छ। हिजोको 'उपचार' आज एउटा 'डिफेन्सिभ मेडिसिन' (सुरक्षात्मक चिकित्सा) मा परिणत भएको छ। निजी क्षेत्रमा त बिरामीका आफन्तहरू आफैँ भन्छन्, 'डाक्टर साब, हामी कत्ति पनि जोखिम लिँदैनौँ, बरू अपरेसन नै गरिदिनुस्।' यस्तो अवस्थामा चिकित्सकसँग प्राकृतिक प्रक्रिया पर्खिने धैर्य र विकल्प दुवै बाँकी रहँदैन।

जब ती डाक्टरका श्रीमतीहरूको सिजेरियन गर्दै थिएँ, मैले उहाँहरूको आँखामा पनि त्यही आम मानिसकै जस्तो डर देखेको थिएँ, 'केही नराम्रो त हुँदैन ?' विडम्बना कस्तो भने, जब चिकित्सक आफैँ बिरामी वा बिरामीको आफन्त बन्छ, उसले चिकित्सा शास्त्रका किताबमा पढेका संसारका सबै सम्भावित जटिलताहरू एकैपटक सम्झिन थाल्छ। त्यो 'अति-चेतना' (हाइपर अवार्नेस्) ले अन्ततः प्राकृतिक बाटो छोडेर शल्यक्रियाकै सुरक्षित गल्ली रोज्न बाध्य बनाउँछ। शल्यक्रिया एउटा सर्जनका लागि दैनिक कार्यतालिकाको एउटा हिस्सा मात्र हुन सक्छ। तर त्यो टेबुलमा सुत्ने हरेक आमाका लागि त्यो एउटा नयाँ जन्म हो। त्यो चिसो स्टिलको टेबलमा केवल एउटा जीवित शरीर मात्र हुँदैन। त्यहाँ एउटा परिवारको सिंगो हाँसो, एउटा सन्तानको भविष्य र असंख्य सपनाहरू सँगै सुतिरहेका हुन्छन्। र, जब ती सबै सपनाहरू सुरक्षित रूपमा नयाँ जीवनको मुस्कान बनेर ब्युँझिन्छन्, तब मात्र एउटा सर्जनको मन हलुका हुन्छ। शल्यकक्षभित्रका ती केही मिनेटका मौन डर, निधारबाट चुहिएका अदृश्य पसिना र मुटुको उच्च धड्कन नै हामी चिकित्सकहरूले जीवनभर बोक्ने 'अदृश्य भार' हो। शल्यकक्षभित्रका ती केही मिनेटहरूमा मैले केवल तीनवटा सिजेरियन गरेको थिइन।

मैले तीन परिवारको विश्वास बोकेको थिए। र, सायद चिकित्सकको जीवनमा पुरस्कार, पदक वा प्रशंसापत्रभन्दा ठूलो उपलब्धि 'कसैले आफ्नो संसार निःसंकोच तपाईंको हातमा सुम्पिनु' नै हो।

# फिफा विश्वकपको समूह चरणको पहिलो खेलले देखाएको सङ्केत

उत्तर अमेरिकामा जारी २३ औँ संस्करणको विश्वकप फुटबलमा समूह 'ए' देखि 'एल' सम्म रहेका १२ वटै समूहको पहिलो चरणका खेल सकिएका छन् ।



पहिलो खेल सकिँदा फ्रान्स, अर्जेन्टिना, इङ्ल्याण्ड र जर्मनीजस्ता पूर्वविजेता टिमहरु विजयी हुँदा पाँच पटकको विश्व विजेता ब्राजिल र एक पटकको विजेता स्पेन बराबरीमा रोकिए। ब्राजिल मोरक्कोसँग एक-एक को बराबरीमा रोकिएको छ भने सन् २०१० को विश्वकप विजेता स्पेन पहिलोपल्ट विश्वकप खेल्दै गरेको अफ्रिकी राष्ट्रसँग गोलरहित बराबरीमा रोकिएको छ। क्रिस्चियानो रोनाल्डोको टिम पोर्चुगलले डिआर कङ्गोसँग एक-एक गोलको बराबरी खेल्यो।

यस्तै आयोजक मेक्सिकोले दक्षिण अफ्रिकालाई हराउँदा अमेरिकाले पाराग्वेलाई सहजै पाखा लगाएको छ। अर्को सहआयोजक क्यानाडाले पनि युरोपेली छनोटमा इटालीलाई हराएर आएको बोस्नियाहर्जगोविनासँग बराबरी खेलेको छ। यसैगरी एसियाली राष्ट्र दक्षिण कोरियाले चेक गणतन्त्रलाई हराउँदा जापानले नेदरल्याण्ड्ससँग दुई-दुई गोलको बराबरी खेलेको छ। कतारले भने स्वीजरल्याण्डसँग एक-एकको बराबरी गर्दै अङ्क बाँड्दा दुईपटकको विजेता उरुग्वेलाई साउदी अरेबियाले तीन अङ्क खोस्न दिएन र बराबरी भयो। पहिलो खेल जित्ने टोलीको अन्तिम ३२ को यात्रा सहज भएको छ भने बराबरी गर्ने टोलीको पनि सम्भावना माथि नै छ तर पराजित टिमका लागी बाँकी खेलमा सकारात्मक नतिजा ल्याउनुपर्नेछ।

कूल ४८ राष्ट्रबीच १२ समूहबाट आउने प्रत्येक समूहका विजेता र उपविजेता गरी २४ देशले अन्तिम ३२ मा स्थान पक्का गर्नेछन् भने थप आठ देशको टुङ्गो पनि ती १२ समूहका उत्कृष्ट तेस्रोबाट छानेर समावेश गरिनेछ। विजेता र उपविजेतासँगै तेस्रो हुनेहरूबाट पनि उत्कृष्ट आठ देशलाई अन्तिम ३२ मा लगिने हुँदा समूहका एक खेल जित्ने टोलीले पनि उत्कृष्ट तेस्रो हुँदै अर्को चरणमा पुग्ने सम्भावना बनाउन सक्नेछन्।

मेक्सिको र दक्षिण कोरियाले उत्तर अमेरिकी तीन देशमा जारी २३ औँ संस्करणको विश्वकप फुटबलमा अन्तिम ३२ मा जाने सम्भावना बलियो बनाएका छन्। समूह ए का एक-एक खेल सकिँदा यी दुबै टोलीले आफ्ना पहिला खेल जित्दा अन्तिम ३२ का लागि सहज बाटो बनेको हो। मेक्सिको र कोरिया दुबैको तीन-तीन अङ्क छ।

चार देश रहेको यो समूहमा दक्षिण अफ्रिका र चेक गणतन्त्रले भने आफ्नो पहिलो खेल नै हार्दा अर्को चरणमा जान बाँकी खेलमा राम्रो नतिजा ल्याउनुपर्ने भएको छ। पहिलो खेलको नतिजासँगै समान तीन अङ्क भए पनि गोल अन्तर बढी भएकाले मेक्सिको पहिलो स्थानमा छ। उसले दुई गोल गरेर कुनै गोल खाएको छैन। तीन अङ्क नै भए पनि दक्षिण कोरिया दोस्रो स्थानमा छ। उसले चेक गणतन्त्रलाई हराएर पनि एक गोल खाएको छ। यो समूहमा चेक गणतन्त्र र दक्षिण अफ्रिका दुबै पहिलो खेलमा पराजित भए पनि एक गोल गरेका आधारमा चेक गणतन्त्र तेस्रो स्थानमा छ। दुई गोल खाएर उसले एक गोल फर्काएको थियो।

दक्षिण अफ्रिकाले दुई गोल खाएर एक गोल पनि गर्न सकेको छैन। अफ्रिका तालिकाको चौथो स्थानमा छ। कोरिया र मेक्सिकोका लागि बराबरीले पनि अन्तिम ३२ को यात्रा तय गर्न सक्छ भने चेक र अफ्रिकाका लागि दोस्रो खेलमा जितले यात्रा सहज बन्न सक्छ भने हारले यात्रालाई कठिन मोडमा पुऱ्याइदिन सक्छ। फिफा विश्वकप २०२६ को समूह बि का एक-एक खेल सकिएका छन्। पहिलो खेल सकिँदा समूहमा रहेका स्वीजरल्याण्ड, क्यानडा, कतार र बोस्नीया हर्जगोविनाले एक-एक अङ्क बटुलेका छन्। सबै टिमले एक-एक गोल गरेका कारण र अङ्क पनि बराबर भएका कारण ती सबैको हैसियता बराबर छ। सहआयोजक क्यानाडाले बोस्नियाहर्जगोविनासँग एक-एक को बराबरी गरेको छ भने अर्को खेलमा एसियाली राष्ट्र कतार र युरोपेली राष्ट्र स्वीजरल्याण्डले पनि बराबरी खेल्दै अङ्क बाँडेका थिए। अब ती चारवटै टिमले दुई-दुई खेल खेल्न बाँकी छ। क्यानाडाले कतार र स्वीजरल्याण्डसँग खेल्न बाँकी छ भने स्वीजरल्याण्डले बोस्नियाहर्जगोविना र क्यानाडासँग खेल्न बाँकी छ। यस्तै बोस्नियाहर्जगोविनाले कतार र स्वीजरल्याण्डसँग खेल्न बाँकी छ। अन्तिम ३२ भित्र अटाउन यी सबै टोलीलाई मुख्य तय जितले सहज हुनेछ भने बराबरीले पनि संभावना हट्ने छैन तर हारले भने संभावना कमजोर बन्नेछ।

तेइसौँ संस्करणको विश्वकप फुटबलअन्तर्गत समूह 'सी' का सबै टिमको पहिलो खेल सकिँदा स्कटल्याण्ड तीन अङ्कसहित शीर्ष स्थानमा छ। स्कटल्याण्डले लामो समय द्वन्द्वबाट गुज्रिएर फेरि फुटबलमा पाइला चालेको हाइटीलाई एक-शून्यले हराउँदै तालिकाको पहिलो स्थानमा उभ्याएको छ। यही समूहको अर्को खेलमा पाँचपल्टको विश्व विजेता ब्राजिल अफ्रिकी देश मोरक्कोसँग एक-एकको बराबरीमा रोकिएको छ। सुरुआती गोल मोरक्कोका इजनेल साइबारीले गरेका थिए। उनले खेलको २१ औँ मिनेटमा गोल गरेका थिए। त्यसपछि ११ मिनेट अग्रता बनाएको मोरक्कोले त्यसलाई निरन्तरता दिन सकेन।

विश्व फुटबलकै पहिलोदेखि अहिलेसम्म निरन्तर सहभागी ब्राजिलले कमब्याक गर्दै हारबाट त बचायो तर स्पष्ट तीन अङ्क लिन सकेन। समूह 'सी' मा शीर्षस्थानको स्कटल्याण्डको तीन अङ्क छ। बराबरी गरेका मोरक्को र ब्राजिलको समान एक-एक अङ्क छ भने हाइटी शून्य अङ्कसहित पुछारमा छ। अब अन्तिम ३२ मा पुग्न स्कटल्याण्डलाई सहज भएको छ भने ब्राजिल र मोरक्को लागि पनि सम्भावना प्रशस्तै छ तर हाइटीका लागि भने आगामी ब्राजिल र मोरक्कोसँगको खेलमा सुखद नतिजा ल्याउन अत्यावश्यक छ।

फिफा विश्वकप फुटबलमा अष्ट्रेलियाले टर्कीलाई हराएसँगै समूह 'डी'मा आयोजक अमेरिका र अष्ट्रेलियाको समान तीन-तीन अङ्क भएको छ। एशियाली क्षेत्रको प्रतिनिधित्व गर्ने अष्ट्रेलियाले आइतबार विश्वकप फुटबलमा तेस्रो स्थान हासिल गरिसकेको टर्कीलाई दुई-शून्यले हराउन सफल भएको थियो। यसअघि यही समूहको पहिलो खेलमा आयोजक अमेरिकाले पाराग्वेलाई चार-एकले हराएको थियो। समूह तालिकामा अमेरिका समान तीन अङ्क भए पनि पहिलो स्थानमा छ। उसले चार गोल गरेर एक गोल खाएको छ। तीन अङ्क नै भए पनि अष्ट्रेलियाले दुई गोल गरेको छ। तसर्थ, गोल अन्तरमा अमेरिका अगाडि छ। यस्तै पराजित भएर पनि कम गोल खाएका कारण टर्की तेस्रो स्थानमा छ। उसले दुई गोल खाएको छ। पाराग्वे भने चार गोल खाएर एक गोल गर्दै तालिकाको पुछारमा छ। अब अन्तिम ३२ भित्र प्रवेश गर्न अमेरिका र अष्ट्रेलियाका लागि बराबरी पनि काफी हुन सक्नेछ भने पाराग्वे र टर्कीका लागि जित आवश्यक देखिन्छ। पाराग्वे र अमेरिकाले अब अष्ट्रेलिया र टर्कीसँग खेल्न बाँकी छ।

नवप्रवेशी कुरासाओलाई भारी अन्तरले हराएपछि समूह 'इ' मा जर्मनी बलियो देखिएको छ। सात-एक अन्तरको जित बटुलेको चार पटकको विश्व विजेता जर्मनीको समूहमा पहिलो खेल सकिदा तीन अङ्क भएको छ। पहिलो खेलमा इक्वेडरलाई एक-शून्यले हराएको अफ्रिकी देश आइभरीकोष्टको पनि तीन अङ्क छ। पहिलो खेल सकिदासम्म जर्मनी तीन अङ्कसहित पहिलो स्थानमा छ। समान तीन अङ्क नै भए पनि गोल अन्तरमा पछि पर्दै आइभरीकोष्ट दोस्रो स्थानमा छ। जर्मनीले सात गोल गरेर मात्र एक गोल खाएको छ भने आइभरीकोष्टले एक गोल गरेर विपक्षीबाट कुनै गोल खाएको छैन।

यो समूह 'इ' को तालिकामा इक्वेडर तेस्रो स्थानमा छ भने कुरासाओ चौथो स्थानमा छ। इक्वेडरले कुनै गोल गर्न नसकेपनि मात्र एक गोल खाएको छ भने कुरासाओले एक गोल गरेर तीन गोल खाएको छ। अब अन्तिम ३२ मा जान जर्मनी र आइभरीकोष्टलाई सहज भए पनि इक्वेडर र कुरासाओको संभावना सकिएको भने छैन। अबका बाकी खेल कुरासाओ र इक्वेडरका लागि अझ महत्वपूर्ण हुनेछ। जित या बराबरीले अर्को खेलसम्म सम्भावनाको प्रशस्तै आधार बन्न सक्छ। हारको नतिजाले भने पहिलो चरणबाटै घर फर्काउने बाटो बन्न सक्छ।

बलियो देखिएको जर्मनीले अब आइभरीकोष्ट र इक्वेडरसँग खेल्न बाँकी छ भने कुरासाओले पनि आइभरीकोष्ट र इक्वेडरसँग खेल्न बाँकी छ। यस्तै आइभरीकोष्टले जर्मनी र कुरासाओसँग तथा इक्वेडरले कुरासाओ र जर्मनीसँग खेल्नेछ। विगतका इतिहास हेर्ने हो भने जर्मनी चारपटक विजेता, चारपटक उपविजेता र चारपटक नै तेस्रो भएको छ। कुनै समय फ्रान्सको एक हिस्सा रहेको आइभरीकोष्ट स्वतन्त्र भएपछि सन् २००६ मा पहिलोपल्ट विश्वकप २००६ मा छनोट भएको थियो। उसले सन् २०१० र २०१४ गरी अहिलेसम्म तीन विश्वकपमा सहभागिता जनाएको छ। इक्वेडरले चौथो विश्वकपमा सहभागिता जनाइरहँदा सन् २००६ मा अन्तिम १६ सम्म पुग्न सकेको थियो। कुरासाओ भने पहिलोपल्ट विश्वकपमा सहभागिता जनाउँदैछ।

मूह 'एफ' मा स्वीडेन तीन अङ्कसहित पहिलो स्थानमा छ। विश्वकप फुटबलको इतिहासमा तीनपटक फाइनल पुगेर उपविजेतामै चित्त बुझाएको नेदरल्याण्ड्स र एशियाली फुटबलको पावरहाउस जापान एक-एक अङ्कसहित समूहमा दोस्रो स्थानमा छन्। अफ्रिकी देश ट्युनेसिया बिना कुनै अङ्क समूहमा पुछारमा छ। सन् १९३४ को दोस्रो संस्करणको विश्वकपदेखि सहभागी हुँदै आएको स्वीडेनले जारी विश्वकपको आफ्नो पहिलो खेलमा ट्युनेसियालाई पाँच- एक गोल अन्तरले हराएको छ। यो समूह अन्तर्गत जापान र नेदरल्याण्ड्सले दुई-दुई गोलको बराबरी खेलेका छन्। अन्तिम ३२ मा पुग्न स्वीडेनलाई सहज भएको छ भने जापान र नेदरल्याण्ड्सको पनि सम्भावना बलियो छ। तर ट्युनेसियाले भारी अन्तरले हारेका कारण जीतको विकल्प छैन। जापानले अब स्वीडेन र ट्युनेसियासँग खेल्न बाँकी छ। स्वीडेनले जापानसँगै नेदरल्याण्ड्ससँग पनि भिड्न बाँकी छ।

यसैगरी नेदरल्याण्ड्सले स्वीडेनसँगै ट्युनेसियासँग खेल्न बाँकी छ। समूहको पुछारमा रहेको टोली ट्युनेसियाले जापान र नेदरल्याण्ड्ससँग प्रतिस्पर्धा गर्न बाँकी छ। जित या बराबरीले ट्युनेसियाको अर्को खेलसम्म सम्भावनाको प्रशस्तै आधार बन्न सक्छ। हारको नतिजाले भने पहिलो चरणबाटै घर फर्काउने बाटो बन्न सक्छ। स्वीडेनले बाँकीका खेलमा बराबरी मात्रैले पनि अर्को चरणमा पुऱ्याउन सक्छ। जापान र नेदरल्याण्ड्सका लागि अबको खेलमा जित हासिल गरे अन्तिम ३२ को यात्रा समूह चरणको अन्तिम खेलअघि नै सहज हुनेछ भने हारले चुनौती थप्नेछ।

स्वीडेन एक पटकको उपविजेता र दुईपटकको विश्वकपमा तेस्रो भएको टोली हो। नेदरल्याण्ड्स तीनपटक उपविजेता र एकपटक तेस्रो भएको टोली हो। जापान विश्वकपमा अन्तिम १६ भन्दा माथि जान सकेको छैन भने ट्युनेसीयाले समूहचरण पार गर्न सकेको छैन।

समूह जीमा रहेका सबै चार वटै देशको एक-एक अङ्क छ। न्युजिल्याण्ड, इरान, बेल्जियम र इजिप्टको समान एक-एक अङ्क छ। तैपनि बढी गोल गरेका आधारमा तालिकामा न्युजिल्याण्ड र इरान अगाडि छन्। उनीहरुले दुई-दुई गोल गरेका छन्। पहिलो खेलमा न्युजिल्याण्ड र इरानले दुई-दुई गोलको बराबरी खेलेका थिए। समान एक-एक अङ्क भएपनि एक-एक गोल मात्र गरेका कारण बेल्जियम र इजिप्ट न्युजिल्याण्ड र इरानभन्दा तल छन्। समान गोल अन्तर भए पनि बढी गोल गरेका आधार बेल्जियम र इजिप्ट तल परेका हुन्।

सन् २०१८ को विश्वकपमा तेस्रो स्थान ल्याउन सफल टोली बेल्जियम १५ औँ पटक सहभागिता जनाउने क्रममा दबाबमा छ। अब उसका लागि बाँकी दुबै खेलमा राम्रो नतिजा ल्याउनुपर्नेछ। अरु प्रतिस्पर्धी टिमले पनि नकारात्मक नतिजा ल्याए उ कम दबाबमा रहनेछ तर दोस्रो खेलमा पनि उस्तै बराबरी नतिजा आएको खण्डमा भने अरु देशलाई लक लाग्दै बेल्जियम दुर्भाग्यको शिकार बन्न सक्छ।

पहिलो र दोस्रो विश्वकपमै सहभागी थियो बेल्जियम। दोस्रो विश्वकप पछि एकैपल्ट सन् १९९० को विश्वकप र २०१८ को विश्वकप पछि चौथोपल्ट सहभागी इजिप्टको एक अङ्क छ। फिफा बरियतामा नवौं स्थानमा रहेको बेल्जियनलाई उपाधि दाबेदारको सूचीबाट हटाउन सकिँदैन। इरानका लागि अबका दुई खेल बेल्जियम र इजिप्टसँग हुनेछ। कमब्याक गरेर हारबाट जोगिएको इरानका लागि अन्तिम ३२ मा जान अबका दुई खेलमा एकमा जित र एकमा बराबरी काफी हुनेछ। इजिप्ट र न्युजिल्याण्डका लागि पनि सुखद नतिजा आवश्यक छ।

उत्तर अमेरिकी महादेशमा जारी विश्वकपमा समूह 'एच' मा रहेका सबै चारवटै देशको एक-एक अङ्क छ। एसियाली राष्ट्र साउदी अरेबिया, एक पटकको विश्वकप विजेता स्पेन, दुई पटकको विजेता उरुग्वे र नवप्रवेशी अफ्रिकी मुलुक केप भेर्डेको समान एक-एक अङ्क छ भने साउदी र उरुग्वेले मात्रै एक-एक गोल गरेका छन्। स्पेन र केपे भेर्डे गोलवीहिन छन्।


## श्री आत्मबोध माध्यमिक विद्यालय

छत्रकोट - ५, मानकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**क्याटलक सपिङ विधिबाट स्कुल बस खरिदको लागि सूचिकृत हुने सम्बन्धी सूचना**

सूचना प्रकाशन मिति : २०८३/०३/०७/

सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ (तेस्रो संशोधन) सहितको नियम १८ मा व्यवस्था भए अनुसार आर्थिक वर्ष २०८२ / २०८३ को लागि यस श्री आत्मबोध माध्यमिक विद्यालयलाई आवश्यक तपसिलमा उल्लेखित सबारी साधन क्याटलक विधिबाट आपूर्ति गर्ने प्रयोजनका लागि सम्बन्धित कारोबार गर्न स्वीकृत प्राप्त इच्छुक फर्म कम्पनी वा सप्लायर्सहरुले यस विद्यालयमा सूचना प्रकाशित मितिले ७ दिन दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

१. सवारी साधन

**निवेदनका साथ संलग्न हुनुपर्ने कागजातहरु**

१. संस्था वा फर्मको दर्ता प्रमाणपत्र ( नवीकरण)
२. PAN/VAT दर्ता प्रमाणपत्र
३. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र

**FORM OF TENDER – TECHNICAL BID**

Technical Specifications of 02 Units School Buses (40+D seater):

| S.N. | Technical Specifications | Specification required | Specifications of the bus quoted in the bid |
|---|---|---|---|
| 1. | General | Right hand Drive 3 x 2 seating layout model Bus, suitable for driving in Nepal at an altitude up to 2500 meters and in ambient temperature -5 to 50 °C. Seating capacity for at least 41 (40+D) persons including driver with 3x2 Seating Layout. | |
| 2. | Emission Standard | The emission standard of the vehicle should be capable of meeting the applicable Nepal vehicle mass emission standard. | |
| 3. | Engine Model/ Type | 4 Cylinder | |
| 4. | Max. Power | Minimum 120 HP@ governed rpm | |
| 5. | Max. Torque | Minimum 400 Nm @ governed rpm | |
| 6. | Clutch | Dry friction, Single Plate | |
| 7. | Steering System | Power | |
| 8. | Gearbox | 5 Forward & 1 Reverse | |
| 9. | Brakes | Dual circuit full air S-Cam | |
| 10. | Suspension | Semi-elliptical leaf spring at front & Rear | |
| 11. | Wheel Base | Minimum 3900 mm | |
| 12. | Min. Turning Radius | Not more than 8.0 m | |
| 13. | Fuel Tank Capacity | Minimum 100 Liter | |
| 14. | Seating Capacity | Minimum 40+D (3X2) | |
| 15. | Tyres | Front-2 Rear-4 Spare-1 (Standard size) | |
| 16. | Cab | All metallic/FRP CAB with insulated roof, front (wipers, glass windows on doors, through ventilation, comfortable Bench seats . Floor mats, rear view mirror and two side view mirrors. | |
| 17. | Chassis and | Steel, heavy duty suitable for rough road conditions with toe-hook | |
| 18. | essential Accessories | 1. Head light, tail and rear light, reversing light, turn signals. 2. Cabin lights. 3. Speedometer/ odometer 4. Heavy duty front bumper. 5. One spare wheel with tyre and tube 6. Suitable Jack & Handle 7. Seat belt for driver | |
| 19. | Instructions | All signs and instructions in the vehicle shall be in English. | |
| 20. | Manuals | One Copy of the Operator's and Owner's Instructions and maintenance manual in English shall be supplied with the vehicle. | |
| 21. | Tools | A set of tools as required for general maintenance | |
| 22. | Color | Standard Color /Yellow | |
| 23. | Warranty | Manufacturer shall provide a minimum of One- year warranty after acceptance. | |
| 24. | Delivery | School Bus shall be delivered to: | |

विद्यालय प्रशासन
९८५७०१००९७
Email:atmabodhschool@gmail.com



## स्कुटर हराएको सूचना

मितिः २०८३/०३/०७

रुपन्देही जिल्ला ति.न.पा वाड नं -५ बस्ने बर्ष ४२ को स्वयम म पदम थापाले भोगचलन गर्दै आयको श्री बहुउद्देश्यीय सहकारी संस्था लि.को नाममा रहेको लु ५८ प १८५ नं. को स्कुटर मिति २०८२/१०/०६ गते अन्दाजी ६:३० को समयमा जिल्ला रुपन्देही बुटवल उ.प.म.न .पा वाड न. ५ वाड कार्यालय को अगाडि पार्किङ गरिराखेको अवस्थामा सामन खरिद गर्दै गर्दा चोरी भएको र हालसम्म पनि फेला नपरेकोले फेला पार्नुहुने जोकोही मानुभावहरुने नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ।

**निम्न स्कुटरको विवरण**
इन्जिन नं. :JF३९EA१०११२९९
च्यासिस नम्बरः ME ४JF३९JHKA००७६४१
कम्पनी - होण्डा डियो
नम्बर - लु ५८ प १८५
रङ्ग - सुन्तला पहेलो

**निवेदक :-**
**पदम थापा**
**ती.न.पा –५ रूपन्देही**
**मो . ९८५७०३५०२७**



## कपिलवस्तु जिल्ला अदालत
## तौलिहवा

**वैवाहिक सम्बन्ध अन्त्य गरिपाउँ**

मितिः २०८३।०३।७

(मु.नं. ०८२-अउ-०५२४)/५१६

कपिलवस्तु जिल्ला अदालत बाट जारी भएको जिल्ला रुपन्देही साँस्कृतिक नगरपालिका वडा नं. १ मौजा भगवानपुर बस्ने चन्द्रिका चौधरी कुर्मीको छोरा गाँघरमा भन्ते भन्ने बृज मोहन चौधरी कुर्मीको श्रीमती साबुन यादवको छोरी अ. वर्ष २४ को मनिषा यादवको नाउँको इतलायनामा सूचना म्याद--१

जिल्ला कपिलवस्तु शुद्धोधन गा.पा. वडा नं. ४ मौजा मधुनगर बस्ने रमेश अ यादवले मिति २०८२।८१५ मा वैवाहिक सम्बन्ध अन्त्य गरिपाउँ मुद्दाको फिरादपत्र यस अदालतमा दिएकोमा मनिषा यादवको नाममा जारी भएको म्याद सूचना वेपत्ते तामेल भएकोले मनिषा यादवको नाउँको सूचना म्याद राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नु भनी यस अदालतबाट भएको आदेशानुसार मनिषा यादवको नाममा यो सूचना म्याद प्रकाशित गरिएको छ। म्याद सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ ( एक्काईस) दिन भित्र आफैं वा कानुन बमोजिमको प्रतिनिध मार्फत् लिखत प्रमाण सहित यस अदालतमा उपस्थित हुन आउनुहोला। नआए कानून बमोजिम हुने छ, पछि तपाईंको उजूर लाग्ने छैन।

इति सम्बत २०८३ साल जेठ १३ गते रोज ४ मा शुभम...



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



ढकमक्क फुलेको ड्रागन फ्रुटको फूलः

दाङको घोराही उप-महानगरपालिका-१२ अवलडाँडामा किसान शक्तिराम डाँगीले व्यावसायिक रूपमा सञ्चालन गरेको ड्रागन फ्रुट फार्ममा फुलेका ड्रागन फ्रुटका फूल । डाँगीले दुई बिघाभन्दा बढी क्षेत्रफलमा ड्रागन फ्रुट खेती गर्दै आएका छन् । तस्विरः रासस

# लागुऔषधविरुद्ध सप्ताहव्यापी अभियान सुरु



गुल्मी । 'लागुऔषधको चुनौती चिनौं : सामाजिक समाधानको बाटो खोजौं' भन्ने नारासहित लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसारविरुद्धको अन्तर्राष्ट्रिय दिवस (जुन २६) को अवसरमा गुल्मीमा सप्ताहव्यापी कार्यक्रम सुरु गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय गुल्मीको आयोजनामा सञ्चालन भएको अभियानको शुभारम्भ प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले गरेका हुन् । कार्यक्रममा जिल्लास्थित सरकारी कार्यालय, सुरक्षा निकाय, निजी क्षेत्र, सञ्चारकर्मी र नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रमका क्रममा औषधी व्यवसायी संघ गुल्मीले २० वटा लागुऔषध सेवन परीक्षण (डोप टेस्ट) किट सहयोगस्वरूप उपलब्ध गराएको छ । किट सवारी चालक तथा शंकास्पद व्यक्तिहरूको परीक्षणमा प्रयोग गरिने जनाइएको छ । जिल्ला प्रशासन कार्यालयका अनुसार असार ६ देखि १२ गतेसम्म विभिन्न सचेतनामूलक तथा नियन्त्रणमुखी कार्यक्रम सञ्चालन गरिनेछन् ।

अभियानअन्तर्गत सवारी साधन, होटल तथा जोखिमयुक्त स्थानहरूमा निगरानी र चेकजाँच, सवारी चालकहरूको लागुऔषध परीक्षण, पर्चा-पम्प्लेट तथा स्टिकर वितरण, एफएम रेडियो, टेलिभिजन र पत्रपत्रिकामार्फत जनचेतनामूलक सन्देश प्रवाह गरिनेछ ।

त्यसैगरी समुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत् वडा तथा टोलस्तरसम्म सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने, होटल तथा यातायात व्यवसायी, औषधी व्यवसायी र युवा क्लबहरूसँग अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम गरिने भएको छ ।

विद्यालय तथा कलेजहरूमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै सबै माध्यमिक विद्यालय र कलेजमा 'एन्टी ड्रग क्लब' गठन गरिने योजना रहेको छ । अभियानअन्तर्गत असार ११ गते जिल्ला प्रशासन कार्यालयको गेटअगाडि सचेतनामूलक भिडियो प्रदर्शनी गरिनेछ भने असार १२ गते प्रभातफेरीसहित सप्ताहव्यापी कार्यक्रमको समापन गरिनेछ ।

जिल्ला प्रशासन कार्यालय गुल्मीले लागुऔषध दुर्व्यसन, ओसारपसार तथा बिक्री-वितरण नियन्त्रणका लागि सबै सरोकारवाला र नागरिकलाई जिम्मेवार बन्न आग्रह गर्दै अभियानलाई सफल बनाउन सक्रिय सहभागिताको आह्वान गरेको छ ।

# राप्रपाको केन्द्रीय महाधिवेशन आगामी मंसिरमा काठमाडौंमा हुने



बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आफ्नो केन्द्रीय महाधिवेशन आगामी मंसिरमा काठमाडौंमा आयोजना गर्ने निर्णय गरेको छ । काठमाडौंमा ५ र ६ असारमा बसेको पार्टीको केन्द्रीय कार्यसमिति बैठकले महाधिवेशनको मिति र स्थान तय गरेको हो ।

बैठकले केन्द्रीय महाधिवेशन २६, २७ र २८ मंसिरमा काठमाण्डौंमा गर्ने निर्णय गरेको प्रवक्ता एवं प्रचार विभाग प्रमुख मोहनकुमार श्रेष्ठले जानकारी दिए । केन्द्रीय महाधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्न अध्यक्ष राजेन्द्र लिङ्देनको अध्यक्षतामा महाधिवेशन मूल आयोजक समिति गठन गरिएको छ ।

समितिमा पार्टीको केन्द्रीय कार्यसम्पादन समितिका सदस्यहरू, पदाधिकारी एवं केन्द्रीय समितिका सदस्यहरू, सल्लाहकार समितिका अध्यक्ष तथा सदस्यहरू, विभिन्न केन्द्रीय विभागका प्रमुखहरू, प्रदेश अध्यक्षहरू, सबै जिल्ला अध्यक्षहरू, प्रतिनिधिसभा र प्रदेशसभाका सांसदहरू, सबै भातृ संगठनका अध्यक्षहरू सदस्य रहनेछन् ।

प्रवक्ता श्रेष्ठका अनुसार बैठकमा प्रस्तुत विभिन्न प्रतिवेदनहरू परिमार्जनसहित पारित गरिएका छन्, जसमा केन्द्रीय निर्वाचन समितिले पेस गरेको सक्रिय सदस्यता वितरण निर्देशिका, सांगठनिक तह निर्वाचनसम्बन्धी नियमावली र पार्टीको निर्वाचन निर्देशिका रहेका छन् ।

पार्टीले तय गरेको नयाँ कार्यतालिका अनुसार आगामी भदौ मसान्तभित्र जिल्ला अधिवेशन सम्पन्न गरिसक्नुपर्नेछ । भदौ मसान्तसम्म जिल्ला अधिवेशन गर्ने जिल्लाहरू मात्र केन्द्रीय महाधिवेशनमा सहभागी हुन योग्य मानिनेछन् ।

त्यस्तै, आगामी १५ देखि २४ असोजसम्म सातवटै प्रदेशको प्रदेश अधिवेशन सम्पन्न गरिनेछ । पार्टीको सक्रिय सदस्यता वितरण कार्यलाई आगामी भदौ मसान्तसम्म अभियानकै रूपमा सञ्चालन गरिने र सो समयसम्म सक्रिय सदस्यता प्राप्त गरेकाहरू मात्र महाधिवेशन प्रतिनिधिको मतदाता तथा उम्मेदवार हुन पाउने व्यवस्था गरिएको छ ।

आगामी ११ गतेदेखि ३० कात्तिकसम्म सबै जिल्लाका प्रदेशसभा क्षेत्रीय निर्वाचन समितिहरूले पार्टीको विधान बमोजिम सक्रिय सदस्यहरूमध्येबाट केन्द्रीय महाधिवेशन प्रतिनिधि छनोट गर्नुपर्नेछ । यसरी छानिएका प्रतिनिधिको विवरण मंसिर ७ गतेभित्र केन्द्रीय निर्वाचन समिति र पार्टी केन्द्रीय सचिवालयमा पठाइसक्नुपर्नेछ । प्रदेशसभा निर्वाचन क्षेत्रबाट महाधिवेशन प्रतिनिधि चयन गर्दा युवाहरूको प्रतिनिधित्व अनिवार्य रूपमा सुनिश्चित गरिनुपर्ने व्यवस्थासमेत राप्रपाले गरेको छ ।

राष्ट्रिय राजनीतिमा राप्रपाले अवलम्बन गरेको नीति, विचार र सिद्धान्तको आवश्यकता र अपरिहार्यता झन् बढेर गएको पार्टीको निष्कर्ष छ । एउटा निर्वाचनको परिणामले मात्र कुनै पनि पार्टीको भविष्य निर्धारण नहुने वास्तविकतालाई दृष्टिगत गर्दै राप्रपाले स्वदेश तथा विदेशमा रहेका आफ्ना हरेक सदस्यलाई विचलित नहुन र उच्च मनोबलका साथ पार्टी कार्यमा क्रियाशील रहन अपिलसमेत गरेको छ ।

# प्यूठानमा फस्टाउँदै चैते धान



प्यूठान । आर्थिक वर्ष २०७७-७८ सम्म जिल्लामा दुई सय रोपनी क्षेत्रफलमा चैते धान खेती हुने गर्थ्यो । किसानहरूले केही फाँटमा चैते धान लगाउने गर्दथे । जिल्लामा राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ स्थापना भएपछि चैते धान खेतीको क्षेत्र व्यापक विस्तार भएको छ । २०७७-७८ मा दुई सय रोपनीमा हुने चैते धान २०८२-८३ सम्म आइपुग्दा चार हजार सात सय रोपनी क्षेत्रफलमा खेती विस्तार भएको कार्यालयको तथ्याङ्क छ ।

कार्यालयले यस वर्ष जिल्लाको सरुमारानी गाउँपालिकामा चैते धान खेती विस्तार गरेको छ । प्यूठानको ऐरावती गाउँपालिका र स्वर्गद्वारी नगरपालिकामा मुख्य रूपमा चैते धान खेती लगाउँदै आएको परियोजना कार्यान्वयन एकाइ प्यूठानका प्रमुख चुमानसिंह गिरीले बताए ।

२०७७-७८ मा दुई सय रोपनी, २०७८-७९ मा एक हजार ४५ रोपनी, २०७९-८० मा एक हजार ६५० रोपनी, २०८०-८१ मा दुई हजार ५९५ रोपनी र २०८१-८२ मा तीन हजार छ सय रोपनी क्षेत्रफलमा खेती विस्तार भएको थियो । चैते धानको क्षेत्रफल विस्तारले चैते धानको उत्पादकत्व र उत्पादन समेत बढेको छ । गत वर्ष एक हजार ४८ मेट्रिक टन चैते धान उत्पादन भएको थियो । यस वर्ष अघिल्लो वर्षभन्दा बढी उत्पादन हुने कार्यालयले अनुमान गरेको छ । परियोजनाले जिल्लामा चैते धान खेती गर्न किसानहरू प्रेरित हुँदै गएको र दुई खेती धान उत्पादन गर्नसक्ने अवस्था सिर्जना भएको जनाएको छ । वर्षे धानको तुलनामा चैते धानको उत्पादन बढी हुने भएपछि किसानहरू चैते धान खेती गर्न उत्साहित भएका हुन् । जिल्लामा छ हजार ५७५ हेक्टर क्षेत्रफलमा धान खेती गर्ने गरिएको छ ।

चैते धानका लागि चैते ५, हर्दिनाथ १ र हर्दिनाथ ३ जातको बिउ प्रयोग गरिएको छ । चैते धान खेती प्रवर्धनका लागि सिँचाइ कुलो, मेसिन औजार, बिउ, औषधीलगायत सहयोग परियोजनाले उपलब्ध गराउने गरेको छ ।

# नसर्ने रोग रोकथामका लागि सामुदायिक सचेतना

खजुरा । नसर्ने रोगको बढ्दो जोखिमलाई न्यूनीकरण गर्न समुदायस्तरमा सचेतना अभिवृद्धि गर्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । पछिल्लो समय उच्च रक्तचाप, मधुमेह, मुटुरोग, क्यान्सर तथा श्वासप्रश्वाससम्बन्धी दीर्घरोगका बिरामीको संख्या बढ्दै गएपछि रोकथामका उपायबारे जनचेतना फैलाउने उद्देश्यले शुक्रबार बाँकेको राप्तीसोनारी गाउँपालिकामा गरिएको एक कार्यक्रमका सहभागीहरुले सामुदायिक सचेतनामा जोड दिएका हुन् ।

राप्तीसोनारी गाउँपालिकाको सहयोग, साइविरियम प्रालिको प्राविधिक समन्वय तथा होप ट्रेनिङ एण्ड रिसर्च सेन्टर नेपालगन्ज र उपभोक्ता हित संरक्षण मञ्चको आयोजनामा सम्पन्न कार्यक्रममा भेरी अस्पतालका प्रमुख कन्सल्ट्यान्ट फिजिसियन डा. राजन पाण्डे र उपभोक्ता हित संरक्षण मञ्चका केन्द्रीय सदस्य अधिवक्ता वसन्त गौतमले सहजीकरण गरेका थिए ।

डा. राजन पाण्डेले नसर्ने रोगको प्रमुख कारण अस्वस्थ खानपान, शारीरिक गतिविधिको कमी, धूम्रपान, मद्यपान तथा तनावपूर्ण जीवनशैली भएका र यस्ता रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा नसर्ने तर जीवनशैलीसँग प्रत्यक्ष सम्बन्धित भएकाले समयमै सचेतना अपनाउन सके जोखिम कम गर्न सकिने बताए । पछिल्लो तथ्याङ्कअनुसार समुदायमा सर्ने रोगभन्दा नसर्ने रोगबाट मानिसको मृत्यु हुने सङ्ख्यामा उल्लेखनीय वृद्धि हुँदै गइरहेको भन्दै उनले सुगर, प्रेसर, क्यान्सर, मुटु, मानसिक समस्यालगायतका नसर्ने रोगका कारण भयावह स्थिति आउन नदिन, न्यूनीकरण गर्न तथा रोकथामका लागि समयमै चेकजाँच गर्नुपर्ने, उपचारको दायरामा ल्याउने र निरोगी व्यक्तिहरुलाई रोग लाग्नैबाट जोगाउन विभिन्न सचेतनाका कार्यक्रहरु महत्वपूर्ण हुने बताए ।

अधिवक्ता वसन्त गौतमले नसर्ने रोग रोकथामका लागि स्वास्थ्यकर्मी तथा सरोकारवालाई क्षमता अधिवृद्धि तालिम प्रदान, सुर्तीजन्य पदार्थको रोकथाम तथा नियमन र यसको न्यूनीकरण तथा मदिराको नियमन र असरका न्यूनीकरणसम्बन्धी कार्यक्रम, नसर्ने रोगसम्बन्धी सचेतना कार्यक्रम, मानसिक स्वास्थ्यसम्बन्धी तालिम, नागरिक स्वास्थ्य कार्यक्रम लगायतका क्रियाकलाप गर्नुपर्ने जनाए ।

राप्तीसोनारी गाउँपालिका अध्यक्ष तप्तबहादुर पौडेलले स्थानीय सरकारले नागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै विभिन्न समयमा निःशुल्क स्क्रिनिङ, जनचेतना तथा विभिन्न सचेतनाका कार्यक्रमहरु गर्दै आइरहेको जानकारी दिए । उनले स्थानीय सरकार एक्लैको प्रयासले पूर्ण रुपमा कार्यक्रम सफल नहुने भन्दै नागरिक, नागरिक समाज, सङ्घसंस्था, प्रदेश तथा सङ्घीय सरकार तथा सरोकारवाला सबै पक्षको समन्वय र सहकार्यको खाँचो रहेको उल्लेख गरे ।

उपाध्यक्ष मनिषासिंह थारुले समुदायमा नियमित स्वास्थ्य परीक्षण, स्वस्थ आहारको प्रयोग, दैनिक व्यायाम तथा धूम्रपान र मद्यपान त्याग्न प्रेरित गर्ने उद्देश्यले विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै विद्यालय, स्थानीय तह तथा सामाजिक संघसंस्थासँगको सहकार्यमा स्वास्थ्य शिक्षा कार्यक्रमलाई समेत प्राथमिकता दिइएको बताइन् ।

मानव अधिकार आयोग नेपालगन्ज कार्यालय प्रमुख द्वारिका अधिकारीले नसर्ने रोगको उपचारभन्दा रोकथाम प्रभावकारी र कम खर्चिलो हुने भएकाले समुदायमै सचेतना अभियान विस्तार गर्नुका साथै नियमित स्वास्थ्य परीक्षणले रोगको प्रारम्भिक अवस्था पहिचान गर्न मद्दत पुग्ने भएकाले प्रत्येक नागरिकले आफ्नो स्वास्थ्यप्रति जिम्मेवार बन्न आवश्यक रहेको बताए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

रेविजबारे सचेत बनौं
कुकुर तथा जंगली जनावरको टोकाईबाट रेविज मानिसमा सर्न सक्छ ।
यसबाट बच्नः
- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं
र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा संम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,
रेविज लाग्न नदिन समयमा विचार पुऱ्याऔं ।
नेपाल सरकार विज्ञापन बोर्ड

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही



स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com